# यमुनामाई गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०८० कार्यान्वयनका लागि

# पाँचवर्षे बिस्तृत कार्ययोजना

२०८१/८२ - २०८५/८६

यमुनामाई गाउँपालिका

रौतहट जिल्ला

मधेश प्रदेश

# बिषयसूची


१. पृष्ठभूमि १

१.१. अन्तर्राष्ट्रिय अनुबन्ध तथा महासन्धिहरु अन्तर्गत नेपालले गरेका प्रतिवद्धता २

१.२. राष्ट्रिय कानूनी व्यवस्थाहरु ४

१.३. मधेश प्रदेशको लैससासको अवस्था र प्रयास ६

२. यमुनामाई गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा भएका प्रयासहरु ८

३. लैससास समस्या, चुनौती र अवसरहरु ९

४. यमुनामाई गाँउपालिकामा कार्यरत सरोकारवालाहरुको नक्साङ्कन

५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०८० को प्रावधान १३

६. नीति तथा रणनीति १३

७. लैससास नीति २०८० को कार्यान्वयनको बिस्तृत कार्ययोजनाको उद्देश्य, विधि तथा प्रक्रिया र औचित्यता १३

८. अनुगमन तथा मूल्यांकन सम्बन्धी संयन्त्र १५

८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्न तयार गरिएको पाँचवर्षे बिस्तृत कार्ययोजना २०८१/८२-२०८५/८६ १७

## १. पृष्ठभूमि

यमुनामाई गाउँपालिका मधेश प्रदेश अन्तर्गत रौतहट जिल्लामा अवस्थित एक गाउँपालिका हो । यो गाउँपालिका १६.७ वर्ग किलोमिटरको क्षेत्रफलमा फैलिएको छ । यस गाउँपालिकामा जम्मा ५ वटा वडाहरू रहेकाछन् । साविकका निम्न ५ गाविसहरु जेठरहिया भेडीयाही, राजपुर तुलसी, सरुअठा र भुन्खुनवा गाविस समेत जोडेर यस गाउँपालिकाको गठन गरेको हो । मुसलमानहरुको बाहुल्य भएको यस पालिकामा जम्मा जातिय जनसंख्याको बसोबासको आधारमा यस क्षेत्रमा यादव, तेली, मुसलमान, चमार/हरिजन/राम, कोइरी/ कुस्वाह, मुसहर, कुर्मि, सन्यासि /दसनामि, दुसाद /पासवान/ पासि, मल्लाह, खतबरिया, तराई ब्राम्हण, कानु, हजाम/ ठाकुर, धोवि, तमा/ तवा, लोहार, बराई, बिन, राजपुत, कुम्हार र बनियार लगायत ३० भन्दा वढी जातजातिसँगै समुदायको पनि बसोवास रहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्यांक अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २८,४१४ छ भने घरधुरी ४७११ देखिन्छ । कुल जनसंख्या मध्ये पुरुष ४८.९ प्रतिशत छ भने महिलाको जनसंख्या ५१.१ प्रतिशत रहेको छ ।

जम्मा ५ वटा वडासम्म भएको यस पालिकामा राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार यस गाउँपालिकाको कुल जनसंख्या २८,४१४ छ भने घरधुरी ४७११ रहेको छ । कुल जनसंख्या २८,४१४ मध्ये पुरुषको संख्याभन्दा महिलाको जनसंख्या २.२ प्रतिशतले बढी अर्थात पुरुष ४८.९ प्रतिशत छन् भने महिला ५१.१ प्रतिशत रहेको छ । कुल जनसंख्यामध्ये अपाङ्गत भएका नागरिकहरुको संख्या १.१ प्रतिशत छ जसमध्ये ०.९ प्रतिशत महिला र १.३ प्रतिशतको पुरुष छन् । यस पालिकामा साक्षरता ५१.९ प्रतिशतको हाराहरीमा छ जसमा पुरुष ६१.५ प्रतिशत र महिला ४२.७ प्रतिशत देखिन्छ । जन्मदर्ताको सम्बन्धमा हाल पनि यो पालिकामा १६.४ प्रतिशत नागरिकहरुको जन्म दर्ता नभएको अवस्था छ । बालविवाह अर्थात १४ देखि २० वर्षमुनिका वालबालिकाहरुको विवाह अहिले पनि उच्च रहेको छ ।

महिला विरुद्धका घरेलु हिंसा, बालविवाह, जातिगत आधारमा छुवाछुत तथा लैङ्गिकताको आधारमा भेदभाव व्यवहारमा घर परिवार र समाजमा व्याप्त रहेको छ । पालिकाको नीति निर्माण तहदेखि कार्यान्वयनका तहसम्म पनि महिला, दलित तथा लक्षित समुदायहरुको अर्थपूर्ण सहभागिता हुन सकेका छैनन् । वैदेशिक रोजगारका कारण परिवार तथा बच्चाहरुमा आएको विचलन लगायत अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक, सामाजिक तथा शैक्षिक रुपमा सशक्त नसिरहेको समस्याहरु यस पालिकामा छ भने अहिले सम्म पनि पालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिका साथै अपाङ्गता भएका व्यक्तिहरुका लागि उनीहरुको फरक क्षमतानुसार सिप विकास तथा रोजगारीको अवसरसम्बन्धी कुनै नीति तथा कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन हुन सकिरहेको छैन ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैसमास) र मानव अधिकारका सिद्धान्तका आधारमा न्यायिक समाजको निर्माण गर्न नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, सन्धि, प्रतिवद्धता र संवैधानिक दायित्व अनुरुप यमुनामाई गाउँपालिका (गा.पा) का नीति, योजना, कार्यक्रम तथा सबै संरचनाहरुमा विभिन्न कारणले पछाडि पारिएका महिला, दलित, जनजाति, पिछडावर्ग, लैङ्गिक हिंसाबाट प्रभावित व्यक्ति, धार्मिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक

अल्पसंख्यक लगायत अन्य सीमान्तकृत समुदायको सवैतहका निर्णय प्रक्रियामा अर्थपूर्ण प्रतिनिधित्व तथा सहभागितासहित सवैले मर्यादा तथा न्याय वोध हुने वातावरण निर्माण गर्न र सवैका मानव अधिकार संरक्षण तथा प्रबर्धन गर्न **यमुनामाई गाउँपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्न पाँच वर्षे बिस्तृत कार्ययोजना** तर्जुमा गरी मिति २०८२ बैसाख ७ गते मा जारी गरेको छ ।

लैससासलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्न **यमुनामाई गाउँपालिकाले** निर्माण गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०८० लाई कार्यान्वयन गर्न यस विस्तृत कार्ययोजना तयार गरिएको छ ।

**स्पष्टिकरण :** यस विस्तृत कार्ययोजना उल्लिखित लक्षित बर्ग भन्नाले महिला तथा किशोरी, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, एकल महिला, धार्मिक अल्पसंख्यक, आर्थिक रुपले बिपन्न व्यक्ति, लैङ्गिकतामा आधारित हिंसा पीडित आदिलाई जनाउँदछ ।

### १.१. अन्तर्राष्ट्रिय अनुबन्ध तथा महासन्धिहरु अन्तर्गत नेपालले गरेका प्रतिवद्धता

मानव अधिकार विश्वव्यापी र सवै मानवका लागि हुन्छन । नेपालमा लामो समयदेखि वञ्चितीकरणमा रहेका महिला, दलित, जनजाति, पिछडावर्ग, लैङ्गिक हिंसाबाट प्रभावित व्यक्ति, धार्मिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत अन्य सीमान्तकृत समुदायका व्यक्ति हरुले पूर्णरुपमा मानव अधिकारको प्रयोग, उपभोग एवं दावी गर्न सकेका छैनन् ।

मानव अधिकारका दस्तावेजहरु लैससासलाई प्रवर्धन गर्न लक्षित छन् जस्तै मानव अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय घोषणापत्र, १९४८, नागरिक तथा राजनैतिक अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६; महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९; वाल अधिकारसम्वन्धी महसन्धि, १९८९; द्वन्द्ववाट महिला र बालबालिकाको संरक्षण गर्ने घोषणापत्र, १९७४; महिला विरुद्धको हिंसा उन्मूलनसम्वन्धी घोषणापत्र, १९९१; अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्वन्धी महासन्धि, २००६; सवै किसिमको जातीय भेदभाव उन्मूलन गर्नेसम्वन्धी महासन्धि, १९६५; र संयुक्त राष्ट्रसंघ सुरक्षा परीक्षद्‌वाट महिला, शान्ति र सुरक्षाका सम्वन्धमा पारित प्रस्ताव नं १३२५, संयुक्त राष्ट्रसंघ महिला तथा वालिकाहरूमाथि हुने यौन हिंसा विरुद्धको प्रस्ताव नं १८२०, प्रस्ताव नं १८८८, का साथै अन्तर्राष्ट्रिय श्रम संगठन (आई.एल.ओ) ले जारी गरेका समान कामका लागि समान पारिश्रमिकसम्वन्धी महासन्धि, १९५१, (No 100) र रोजगार तथा व्यवसायमा हुने विभेदसम्वन्धी महासन्धि (आईएओ महासन्धि १११), आदिवासी तथा जनजातिसम्वन्धी महासन्धि, १९८९ (ILO Convention 169) र निकृष्ट प्रकारको वालश्रम विरुद्ध महासन्धि, १९९९ (नं. १८२) प्रमुख हुन् । साथै महिलाको यौन तथा प्रजनन स्वास्थ्य अधिकारको संरक्षणको सम्वन्धमा सन् १९९४ मा कायरोमा भएको जनसंख्या तथा विकाससम्वन्धी अन्तर्राष्ट्रिय सम्मेलन (ICPD) र यसको कार्ययोजनालाई विशेष रुपमा लिन सकिन्छ । यस सम्मेलनले लैङ्गिक समानता, महिला सशक्तिकरण, महिलाहरूको प्रजनन् स्वास्थ्य र अधिकार महिला मानव अधिकारको रुपमा स्थापित गरी राष्ट्रिय र विश्वव्यापी विकासको क्रममा कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिएको छ । मातृ मृत्युदर घटाउने, शिशु र बालमृत्युदर घटाउने, किशोर किशोरीहरुको प्रजनन स्वास्थ्य अधिकार, प्रजनन स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने जस्ता

महत्वपूर्ण विषयहरुलाई ICPD को कार्यान्वयनले विशेष प्राथमिकता दिएको छ। **नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय दस्तावेजहरु नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२) अनुसार सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो।**

**बेइजिङ्ग सम्मेलनको घोषणापत्रका १२ वटा विशेष सवालहरु:** सन् १९९५ मा चौथौं अन्तर्राष्ट्रिय महिला सम्मेलन जसलाई बेइजिङ सम्मेलन पनि भनिन्छ। यस सम्मेलनले महिला अधिकारलाई मानव अधिकारका रुपमा मान्यता दिँदै लैङ्गिक समानताको प्रवर्धनमा १२ वटा विशेष सवालहरुसहित पास पारित गरेको बेइजिङ घोषणापत्र र कार्ययोजनाले लैङ्गिक समानता, महिला सशक्तिकरण, महिलाको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्दै प्रजनन स्वास्थ्य र अधिकारमा प्राथमिकता महिला र गरिबी, महिला शिक्षा र तालिम, महिलाविरुद्धको हिंसा, महिला र सशक्त सङ्घर्ष, महिला र अर्थतन्त्र, शक्ति र निर्णयमा महिलाको नेतृत्व, महिला र सञ्चार, महिला र वातावरण जस्ता सवाललाई समानता समावेशिता दिशामा मार्गनिर्देशन गरेको छ। बेइजिङ घोषणापत्रको ३० वर्ष पुरा भई सन् २०२५ मा कार्ययोजनाको पुनरावलोकनले विश्वभर महिला अधिकारका क्षेत्रमा भएका प्रगति र चुनौतीहरुको मूल्यांकन गर्ने तयारमा छ। यसरी प्रत्येक पाँच वर्षमा गर्ने पुनरावलोकनले स्थानीय सरकारले विकासको मूलधारमा सो सवालहरुलाई स्थानीयकरण गर्न कस्तो भूमिका निर्वाह गरेको छ भन्ने विषय पनि महत्वपूर्ण हुन्छ।

**जाकार्टा सिद्धान्त :** यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको अधिकार सम्वन्धमा सन् २००६ मा घोषणा गरेको जकार्टा सिद्धान्तलाई प्रमुख रुपमा लिन सकिन्छ। त्यो पछि लैङ्गिक समानता भनेको महिला र पुरुषमा मात्र सीमित रहनु हुन्न भन्ने पक्षलाई संयुक्त राष्ट्रसंघको मानव अधिकार परीक्षदबाट विभिन्न समयमा पास गरेका प्रस्तावनाहरुले यौनिकताको आधारमा यी समुदायहरुमाथि भैरहेको हिंसा, भेदभाव, लाञ्छना तथा वञ्चितीकरणलाई निषेध गर्नुपर्ने कुरा पास गरेको छ। फलस्वरुप नेपालले पनि यौनिक तथा लैङ्गिक अल्पसंख्यकको आधारमा भेदभाव गर्न नहुने कुरा मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ।

**दिगो विकास लक्ष्य :** संयुक्त राष्ट्रसघंको साधारण सभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ। यी लक्ष्यहरुले गरिबीको रेखामुनि रहेका नागरिक, बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, पछाडि पारिएका समुदाय जस्तै, दलित, जनजाति, आदिवासीहरुको आवश्यकताहरुलाई समेटेका छन्। दिगो विकास लक्ष्य ४ र ५ लैङ्गिक समानतासँग प्रत्यक्ष रुपमा जोडिएका छन् जस्तै लक्ष्य ४ ले समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता र लक्ष्य ५ ले लैङ्गिक समानता कायम गर्ने उद्देश्य लिएका छन्। दिगो विकास लक्ष्यले समावेशी संस्थाहरू तथा प्रणालीहरूको विकास र तिनको निरन्तरतालाई पनि उत्तिकै जोड दिएको छ। संयुक्त राष्ट्रसंघीय संकल्प ७०/१ 'हाम्रो विश्वको रूपान्तरण: दिगो विकासका लागि सन् २०३० को एजेण्डा' मा अति विपन्नता लगायत सबै खालका गरिबीको उन्मूलन भन्ने सिद्धान्तसहित विश्व समुदायमा समानता र समावेशिताद्वारा दिगो विकासलाई प्राथमिकता दिएको छ। चरम गरिबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समूहको द्रुत गतिमा प्रगती गर्नका लागि **'कोही पनि पछाडि नछुटून् (Leave No One Behind)** भन्ने मुख्य सिद्धान्तलाई दिगो विकास लक्ष्यहरुले अङ्गीकार गरेको छ। दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने र आफ्ना योजना तथा बजेट मार्फत सम्बोधन गर्ने दायित्व स्थानीय सरकारमा रहेको छ। साथै दिगो विकास लक्ष्यबारे महासन्धि

समितिहरूले समय समयमा नेपालको लागि दिएका सिफारिसहरू कार्यान्वयन गर्नु पनि सरकारको दायित्व हो ।

**मानव अधिकारका सिद्धान्तहरु :** लैससास मानव अधिकारको महत्वपूर्ण पक्ष हो । कुनै पनि व्यक्तिलाई जातजाति, भाषा, धर्म, वर्ण, लिङ्ग, उत्पति, क्षेत्र, आस्था, स्वास्थ्य तथा शारीरिक अवस्था, आर्थिक अवस्था, वैवाहिक अवस्था आदिका आधारमा भेदभाव गर्न नहुने र राज्यले सबैलाई समान व्यवहार गर्नु पर्ने मानव अधिकारको प्रमुख पक्ष हो । लैससासको मुख्य उद्देश्य सवै भेदभाव तथा हिंसालाई सम्बोधन र मानव अधिकाको उपभोगलाई सहज गर्नु हो । मानव अधिकारसम्वन्धी सवै दस्तावेजहरुले हरेक व्यक्तिको मानव अधिकारको सम्मान गर्दछन् । **राज्यसँग शक्ति, सत्ता र वैधताका साथै नेपाल पक्ष भएको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु कार्यान्वयन गर्ने दायित्व भएकोले मानव अधिकारको सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने दायित्व राज्यको हो । मानव अधिकारहरु सार्वभौम, अभिवाज्य, अभिच्छेद, विश्वव्यापकता, अहरणीय, अन्तरनिर्भर, समान र अविभेद एवं भेदभाव तथा विवाद रहित हुन्छन् ।** त्यसैले मानव अधिकारको उपभोगमा लैङ्गिक, जातीय, वा अन्य कुनै आधारमा भेदभाव गर्न नहुने कुरा नै मानव अधिकारको प्रमुख सैद्धान्तिक पक्ष हो ।

## १.२ राष्ट्रिय कानूनी व्यवस्थाहरु

**नेपालको संविधान, २०७२ :** न्यायिक समाज स्थापनाको लागि लैससास अपरिहार्य विषय हो, जुन नेपालको संविधानको आधारभूत शर्त तथा मान्यता हो। वि.सं. २०७२ सालमा संघीय गणतन्त्रात्मक व्यवस्थासहितको संविधानको प्रस्तावनामा नै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरेको पाइन्छ। संविधानले समानतालाई सामाजिक न्याय सुनिश्चित गर्ने प्रमुख आधारको रुपमा लिएको छ। समानता तथा समतामूलक समाज निर्माणको लागि जातजाति, भाषा, धर्म, लैङ्गिक, वर्गीय, क्षेत्रीय तथा सामाजिक, आर्थिक, राजनीतिकलगायत कुनै पनि आधारमा भेदभाव गर्न नहुने र समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा देशको विकास गर्नुपर्ने कुरालाई स्वीकारेको छ। संविधानको मौलिक हक अन्तर्गत धारा १६ ले सबै व्यक्तिहरुको सम्मानपूर्वक बाच्न पाउने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, ३८ ले महिलाकोहक, धारा ३९ ले बालवालिकाको हक, धारा ४० ले दलितको हक, धारा ४१ ले जेष्ठ नागरिकको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ञ) ले सामाजिक न्याय र समावेशीकरणसम्वन्धी नीतिको व्यवस्था गर्नुका साथै धारा ५२ ले मौलिक हक कार्यान्वयनका लागि राज्यले गर्नुपर्ने दायित्वको समेत व्यवस्था गरेको छ । संविधानले प्रत्याभूत गरेका अधिकारहरुको प्रभावकारी कार्यान्वयनका लागि तीनै तहका, संघीय, प्रदेश तथा स्थानीय, सरकारहरुले लैससास शासन पद्धतिलाई संस्थागत गर्न आवश्यक छ । संविधानको धारा २२६ ले गाउँसभा र नगरसभाले संविधानको अनुसूची ८ र ९ वमोजिमको सूचीअनुसार आवश्यक कानून वनाउन सक्ने स्पष्ट व्यवस्था गरेको छ ।

**अन्य राष्ट्रिय कानूनी व्यवस्थाहरु :** लैङ्गिक समानता र समावेशीकरणसम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई आन्तरिकीकरण गर्ने क्रममा नेपाल सरकारले संविधान लगायत धेरै कानूनहरुमा समावेश गरेको छ भने व्यावहारिक रुपमा कार्यान्वयन गर्ने कोसिस गरेको छ । जस्तै लैङ्गिकताका आधारमा महिला विरुद्ध हुने सवै प्रकारका हिंसालाई न्यूनीकरण गर्न मुलुकी अपराध संहिता २०७४; मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४; फौजदारी (कसुर तथा सजाय निर्धारण गर्ने) ऐन, २०७४; मुलुकी देवानी संहिता,

२०७४ लागु गरिएको छ भने यसैगरी अपराध पिडीत संरक्षण ऐन २०७५, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन २०७१, बालबालिकासम्बन्धी ऐन २०७५, बाल श्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ लागु भएका छन् । त्यसैगरी बोक्सीको आरोप विरुद्धको (कसुर र सजाय) ऐन, २०७२, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६७, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७५, रोजगारीको हकसम्बन्धी ऐन, २०७५ आदिलाई प्रमुख कानूनी व्यवस्थाको रुपमा लिन सकिन्छ ।

त्यसैगरी लैससासलाई वहुपक्षीय दृष्टिकोणले अध्ययन गर्दा अपाङ्गतासम्वन्धी १० वर्षे राष्ट्रिय नीति तथा कार्ययोजना, युवाको हकहितको संरक्षण र सम्वर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि राष्ट्रिय यूवा परीक्षद् ऐन २०७२, २०३० सम्म बाल विवाह उन्मूलन गर्ने लक्ष्यसहितको बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२, महिला तथा बालबालिकाहरुको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, विपद जोखिम न्यूनीकरण राष्ट्रिय कार्य योजना २०१८-२०३० लाई पनि प्रमुख रुपमा लिन सकिन्छ भने सार्वजनिक क्षेत्रमा महिला तथा लक्षित समुदायको सहभागिताको लागि तयार गरिएको निजामती सेवा ऐन लगायत विभिन्न सेवा ऐनहरुमा भएको परिमार्जनलाई पनि लैससास सम्वन्धमा सकारात्मक प्रयासको रुपमा लिन सकिन्छ ।

यसका अतिरिक्त मानव बेचबिखन विशेष गरी बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४, छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४, विशेष प्रकृतिको मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४, श्रमजीवि महिलाहरूप्रति डान्स रेष्टुरेन्ट, डान्स बारजस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्नेसम्वन्धी सर्वोच्च अदालतबाट भएको फैसला र निर्देशिका, २०६५, वैदेशिक रोजगारसँग सम्वन्धित कसुरको अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६७, मानव बेचबिखन तथा ओसारपसारसम्वन्धी मुद्दाको अभियोजन तथा अदालती कारवाहीसम्वन्धी कार्य सञ्चालन निर्देशिका, २०६८, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८, पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८, पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८, मनोसामाजिक परामर्श निर्देशिका, २०६९ र आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्वन्धी मापदण्ड, २०६९ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ लाई सरकारको सकारात्मक प्रयासको रुपमा लिन सकिन्छ ।

लैससास नीतिलाई कार्यान्वयन गर्न लैङ्गिक उत्तरदायी बजेट, लैङ्गिक सम्पर्क व्यक्तिसहित विभिन्न शाखा तथा उपशाखाको स्थापना, कानूनी रुपमा नै राष्ट्रिय महिला आयोग, राष्ट्रिय समावेशी आयोग, दलित आयोग, मधेशी आयोग, मुस्लिम आयोगहरुको संस्थागत विकासको व्यवस्था आदि पनि सकारात्मक पक्ष हुन् ।

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ :** स्थानीय सरकार सञ्चालन ऐनको प्रस्तावनामा लैससाससम्बन्धी व्यवस्था उल्लेख गरिएको छ । यसका अलवा गाउँपालिका तथा यसको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । लैङ्गिक खण्डीकृत तथ्यांक संकलन, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि वडा समितिको काम, कर्तव्य र अधिकार रहेका छन् । योजना तर्जुमा तथा कार्यान्वयनमा महिला तथा पिछडिएको वर्गको सहभागिता सुनिश्चत गर्न भनिएको छ । महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गर्नुपर्ने, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र

अशक्तहरुको व्यवस्थापनको जिम्मेवारी अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ। दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समयसिमा र प्रकृयासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकूल, विपत् व्यवस्थापन, लैससासका अन्तरसम्वन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ। यसैगरी सोही दफाको उपदफा (३) मा गाउँपालिका तथा पालिकाले आफ्ना योजना, नीति तथा बजेट तर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैससास अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने छ भनि उल्लेख गरेको छ।

**राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ :** राज्यका तीन वटै तहमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न योजना, नीति तथा कार्यक्रम, वार्षिक वजेट तथा सेवा प्रवाहलाई लैङ्गिकमैत्री वनाई समृद्ध र न्यायपूर्ण समाजको स्थापनाको आवश्यकतालाई महसुस गरी नेपाल सरकारले राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ जारी गरेको छ। यस नीतिले सवै क्षेत्रमा महिलाको सारभूत र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक र सामाजिक रुपान्तरणद्वारा लैङ्गिक समानता कायम गर्ने दीर्घकालीन सोच राखेको छ। लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने रणनीति लिएको छ। यस नीतिको उद्देश्य प्राप्त गर्न संघ, प्रदेश तथा स्थानीय तहको भूमिका स्पष्ट गरी नीतिको कार्यान्वयन गर्न कार्ययोजना तयार गरेको छ।

**सोह्रौ पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/२०८६) :** लैससासको प्रवर्धनका लागि सोह्रौ पञ्चवर्षीय योजनाले छुट्टै योजनागत व्यवस्था गरेको छ। यसले लैङ्गिक समानता तथा सशक्तिकरण, सामाजिक न्याय तथा समावेशीकरणलाई आन्तरिकीकरण मूलप्रवाहीकरण र स्थानीयकरण गर्ने, लक्षितवर्ग समुदायलाई विशेष संरक्षण गर्ने तथा उनीहरुको अर्थपूण सहभागिताको सुनिश्चित गर्ने, हिंसा पीडितको उद्धार, राहत, पुनर्स्थापना तथा सामाजिक एकीकरणलाई प्रभावकारी वनाउने, न्याय प्रणालीलाई सुधार गर्ने र अपाङ्गतामैत्री जीवनको लागि सहजीकरण गर्ने लगायतका धेरै नीतिगत योजनाहरु रहेका छन्।

## १.३ मधेश प्रदेशको लैससासको अवस्था र प्रयास

राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको कुल जनसंख्या ६,११४,६०० रहेको छ जसमा पुरुषको जनसंख्या ३,४३,३५० र महिलाको जनसंख्या २,९७,७७२ रहेको छ भने विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको कुल संख्या ९१६४७ रहेकोमा ५६.८ प्रतिशत पुरुष र ४३.२ प्रतिशत महिला रहको उल्लेख गरेको छ। यस प्रदेशको साक्षरता दर ६३.५ प्रतिशत रहेको छ। जसमध्ये महिलाको साक्षरता दर ५४.७ प्रतिशत मात्र रहेका छन्। ५३ प्रतिशत महिलाहरु २० बर्षको उमेर पुग्दा विवाहित भैसकेका हुन्छन्। सन् २०२१ मा प्रकाशित नेपाल मानव विकास प्रतिवेदन हाल ०.४१ स्तरमा छ जुन नेपालको राष्ट्रिय औसत ०.४९० भन्दा निकै कमजोर अवस्था छ र लैङ्गिक समानता सूचांकअनुसार नेपालका अन्य प्रदेशहरूका तुलनामा मुख्यत शिक्षा, स्वास्थ्य, र आयस्रोतका क्षेत्रमा पछाडि परेको देखिन्छ भने लैङ्गिक असमानताका हिसावले मधेश प्रदेशले तुलनात्मक रूपमा धेरै चुनौती सामना गरिरहेको देखिन्छ। यसमा महिला सशक्तिकरण, शिक्षा, र स्वास्थ्य सेवा पहुँचको अभाव मुख्य

कारण हुन् । विद्यालय बाहिर रहेका र विद्यालय छाड्ने बालबालिकाको संख्या उच्च हुनु पनि यस प्रदेशको प्रमुख चुनौती रहेको छ । त्यसैगरी लैङ्गिक समानताका दृष्टिले पनि मधेश प्रदेशको स्थिति चुनौतीपूर्ण छ । साक्षरता दर, विद्यालय शिक्षामा पहुँच र महिलाहरूको रोजगारमा सहभागिता जस्ता सूचकहरू राष्ट्रिय औसतभन्दा तल छन् । मधेश प्रदेशमा अहिले पनी मातृ मृत्युदर प्रति एक लाखमा १४० रहेको छ । ४० प्रतिशतले किशोरावस्थामा गर्भधारण गर्ने गरेको छ ।[1] आर्थिक गरिबी दर २७.७ % छ भने बहुआयामिक गरिबी दर झन् उच्च ४७.९ प्रतिशत छ जसले महिलाको स्वास्थ्य, शिक्षा, र आधारभूत आवश्यकताहरूमा व्यापक अभाव रहेको संकेत गर्दछ ।

उक्त तथ्यांकअनुसार मधेश प्रदेशका महिलाहरू घरायसी कार्य र पारिश्रमिक बिनाको सेवामूलक कार्यमा व्यस्त हुने गरेको देखिन्छ । सामुदायिक सेवा र सहभागितामा महिला तथा पछाडि पारिएका समुदायको अर्थपूर्ण सहभागिता तुलनात्मक रूपमा हुन नसकेको स्थिति देखिन्छ । प्रदेशमा जातीय छुवाछुत सामाजिक कुसंस्कारको रूपमा रहेको छ भने महिलाको शिक्षामा न्यून पहुँच रहेको अवस्था छ ।

संविधानद्वारा निर्देशित लैङ्गिक समानताका तथा सामाजिक समावेशीकरणलाई कार्यान्वयन गर्ने क्रममा मधेश प्रदेश सरकारले धेरै प्रयास गरेको देखिन्छ । प्रदेशस्तरीय सारभूत लैङ्गिक समानता नीति, २०७९, बालविवाह अन्त्यका लागि १० वर्षे प्रादेशिक रणनीतिक योजना (२०७८/०७९-२०८८/२०८९), बाल संरक्षण तथा सशक्तिकरण ऐन, २०८१, दलित सशक्तिकरण ऐन २०७६,[2] प्रदेश बालअधिकारसम्बन्धी ऐन २०७७, बालमैत्री स्थानीय सुशासन कार्यान्वयन निर्देशिका, २०७८, जारी गरेको छ । त्यसै गरि मधेश प्रदेशको सरकारले विभेदमुक्त सामाजिक न्याय. स्थापना गर्ने सन्देश प्रवाह गरी छोरा र छोरीविचको सामाजिक विभेद अन्त्य गर्ने उद्देश्यले मुख्यमन्त्रीको संयोजकत्वमा बेटी पढाऊ, बेटी बचाऊ अभियान, छोरी शैक्षिक बिमा कार्यक्रम सञ्चालन गरिरहेको छ । प्रदेश प्रहरीसहित अन्य सेवामा महिलालाई ५० प्रतिशत आरक्षणसहित दलित, मुस्लिम, जनजातिलाई उनीहरूको जनसंख्याका आधारमा आरक्षणको व्यवस्था कानूनी रूपमा सुनिश्चित गरिएको छ । प्रदेशको **प्रथम आवधिक योजना आ.व. २०७६/७७ – २०८०/८१**[3] तथा यस आर्थिक वर्षमा पास भएको **दोस्रो आवधिक योजना आ.व. २०८१/८२ – २०८५/८६** जस्ता प्रयासलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सम्बन्धमा प्रमुख रुपमा लिन सकिन्छ । **"आत्मनिर्भर र समृद्ध मधेश सुखी मधेशी"** दिर्घकालीन सोच सहित पास भएको यस दोस्रो आवधिक योजनाले लैङ्गिक समानता सम्बन्धी नीतिगत, कानूनी र संस्थागत प्रबन्धको सुदृढीकरण गर्ने, लैङ्गिक समानता सम्बन्धी कार्ययोजना तर्जूमा गरी कार्यन्वयन गरिने, लैङ्गिक उत्तरदायी बजेट विनियोजन प्रणालीलाई प्रदेश तथा सबै स्थनीय तहसम्म संस्थागत गरिने, महिला सशक्तीकरण सम्बन्धमा महिला हिंसा विरुद्ध कार्यक्रम चलाउने, लैङ्गिक उत्तरदायि शासन पद्धति अवलम्बन गरिने, दाईजो विना विवाह गर्ने परिवारलाई सम्मान गरिने, आर्थिक सामाजिक क्षेत्रमा विद्यमान लैङ्गिक विभेद कम गर्ने, महिला उद्यमशीलता विकास गर्ने, दलित एवं विपन्न महिलाहरुका लागि शिक्षा, व्यवसायिक तालिम र प्रजनन स्वास्थ्य सेवा निशुल्क र सुलभ हुने

---

[1] NDHS Survey, 2022

[2] ऐनले नि.शुल्क शिक्षा, रासन कार्डको व्यवस्था, सशक्तिकरणका कार्यक्रमका साथै समानुपातिक समावेशीको पालनाका लागि दलित सिटमध्ये ५० प्रतिशत दलित महिलाको लागि व्यवस्था गर्ने स्पष्ट उल्लेख गरेको छ ।

[3] यो योजनाले लैङ्गिक समानता र सामाजिक न्यायमा आधारित समाज निर्माण गर्ने क्षेत्रगत सोच राखी विकासका हरेक क्रियाकलापमा महिला र पुरुषको समान सहभागिता कायम गर्ने लक्ष्य लिएको छ ।



CamScanner

व्यवस्था मिलाईने, बालन्याय प्रणालीलाई सुदृढ गरिने, बालमैत्री शासन प्रणाली प्रवर्धन गरिने, सीमान्तकृत तथा पिछडिएका समुदायका आधारभूत आवश्यकताहरु पूरा गर्ने, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको सशक्तीकरण गर्ने र उनीहरुप्रतिको सामाजिक धारणा परिवर्तन गर्ने जस्ता योजनाहरु लैङ्गिक समानता तथा समावेशीकरणको सम्बन्धमा दोस्रो आवधिक योजनाको प्रमुख योजनाको रुपमा लिन सकिन्छ ।

साथै प्रदेशस्तरीय सारभूत लैङ्गिक समानता नीति, २०७९लाई लैससासको क्षेत्रमा प्रदेशस्तरिय नीतिगत प्रयासको सम्बन्धमा पमुख रुपमा लिन सकिन्छ। यस नीतिको उद्देश्य लैङ्गिक समानता तथा सामाजिक रुपले समावेशी जवाफदेही शासनलाई संस्थागत गर्न प्रदेश सरकारका सबै तह र निकायहरुमा महिला तथा वञ्चितीकरणमा परेका समूहहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने, सबै प्रकारका प्रत्यक्ष र अप्रत्यक्ष विभेद र असमानताहरुको अन्त्य गर्ने, सबै वञ्चितीकरणमा परेका समूह तथा समुदायहरुको लागि सम्मानित ढंगले बाँच्ने वातावरणको सुनिश्चितता गर्ने, आर्थिक समृद्धि र दिगो विकासको सुनिश्चितता गर्ने, वञ्चितीकरणमा परेका समूहहरुको लागि स्रोत, साधन, अवसर तथा लाभहरुमा समान पहुँचको सुनिश्चितता गर्ने साथै वञ्चितीकरणमा र जोखिममा रहेका समुदायहरु विरुद्धको सबै प्रकारका हिंसाको अन्त्य गर्ने जस्ता धेरै व्यवस्थाहरु गरेको छ ।

## २. यमुनामाई गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा भएका प्रयासहरु

महिला तथा लक्षितवर्गलाई केन्द्रित गरी उनीहरुको शिक्षा, स्वास्थ्य तथा आर्थिक सशक्तिकरणका लागि धेरै प्रयास गरेको छ । महिला, दलित तथा अपाङ्गता भएको व्यक्तिहरु विरुद्ध हुने लैगिकता तथा जातिगत हिंसा विरुद्धका अभियानहरु सञ्चालन गर्दै आएको छ । हालसम्म यस पालिकाले कानून, नीति नियम, कार्यविधि तथा मापदण्डसमेत गरी हालसम्म ६ वटा ऐन, कानून तथा निर्देशिका निर्माण गरी लागु गरेको अवस्था छ। यस पालिकाले लैङ्गिक विभेदमा आधारित समस्याहरूलाई सम्बोधन गर्न बालविवाह अन्त्यका लागि रणनीतिक योजना, २०८० (आ.व. २०८०/८१ (२०८४/८५), यमुनामाई गाउँपालिका शिक्षा ऐन, २०७६, स्वास्थ्य नीति, २०८०, यमुनामाई गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता ऐन, २०८१ लगायत कानूनहरु जारी गरेको छ। जसमा बाल विवाह अन्त्यका लागि रणनीतिक योजना, २०८० (आ.व. २०८०/८१ (२०८४/८५) ले वि.स. २०८५ (सन् २०२८) सम्ममा यमुनामाई गाउँपालिकालाई बालविवाहमुक्त गाउँपालिका घोषणा गर्ने लक्ष्य राखेको छ भने शिक्षा ऐन, २०७६ ऐनको दफा ३.ठ मा समावेशी शिक्षाको परिभाषा रहेको जस अर्न्तगत विभिन्न प्रकारको अपाङ्गता र सामाजिक रुपमा पछाडि परेका समुदायलाई दिने शिक्षामा प्रोत्साहनका लागि विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन गर्ने सम्बन्धमा कानूनी प्रवन्ध गरेको छ । त्यसैगरी गाउँ शिक्षा समिति गठन गाउँ कार्यपालिकाको सदस्यहरुमध्येबाट महिला र दलित समुदायको प्रतिनिधित्व हुनेगरी २ जना तोक्ने र विद्यालय व्यवस्थापनमा पनि अविभावकहरुमध्याट २ जना महिला, शिक्षाप्रेमी तथा बुद्धिजीवीहरुमध्येबाट एकजना महिला समावेश गर्ने व्यवस्था गरी महिला तथा दलित समुदायबाट सहभागिता बढाउने उद्देश्य लिएको छ । महिलाहरुको प्रजनन स्वास्थ्य अवस्था सुधार गर्नका लागि गाउँपालिकामा २ बटा प्रसूति केन्द्र रहेको र ४० जना महिला स्वास्थ्य स्वयंसेविकाको पनि व्यवस्था गरेको छ । गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुमा स्तनपान कक्षको स्थापना तथा

व्यवस्थापन गर्ने, अनिच्छित गर्भधारणबाट किशोरीलाई बचाउनका लागि परिवार नियोजनको साधनको पहुँच बढाइने, कानून सम्मत गर्भपतन सेवा सबै स्वास्थ्य संस्थामा क्रमिक रुपमा लागु गर्दै लाने, महिनामारी भएका बेला छात्राहरुको विद्यालय उपस्थितिलाई निरन्तरता दिन निःशुल्क सेनीटरी प्याड वितरण गर्ने तथा लैङ्गिक हिंसामा परेका महिला तथा असहाय व्यक्तिहरुलाई अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहका लागि नीजि सरकारी सहकार्यमा गाउँपालिका पुनर्स्थापना केन्द्र स्थापना एवं सञ्चालन गरिने समेतको व्यवस्था गरेको छ।

साथै यमुनामाई गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता ऐन, २०८१ ले उपभोक्ता संस्थाको कार्य समितिमा कम्तीमा सात र बढीमा १५ सदस्यीय हुनुपर्ने र त्यसमा ५० प्रतिशत महिला प्रतिनिधि हुनुपर्ने र अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा दुई पदमा महिला पदाधिकारी हुनुपर्ने व्यवस्थाले महिलाको अर्थपूर्ण सहभागितालाई प्राथमिकता दिएको छ।

**यमुनामाई गाउँपालिकाको आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम**

यस गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तथा यसका अवरोधहरु हटाई सामाजिक न्याय स्थापनार्थ वार्षिक नीति तथा कार्यक्रमहरुमा पनि आधारभूत स्वास्थ्य सेवा, शिक्षा, रोजगारी तथा हिंसा न्यूनीकण र आर्थिक सशक्तिकरणका क्षेत्रमा धेरै समावेश गर्ने कोसिस गरेको छ। स्वास्थ्य सेवाको सम्वन्धमा गाउँपालिका क्षेत्रमा स्थायी रुपले बसोबास गर्ने सबै जातजाति, विपन्न वर्गका समुदायलाई लक्षित गरी सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभवकारी वनाउन स्थानीय स्वास्थ्य संस्थामा कम्तीमा ८ पटक गर्भ जाँच गराई तथा सुरक्षित मातृत्व कार्यक्रम सञ्चालन भएको स्वास्थ्य संस्थामा सुत्केरी गराएको र ३५ दिनभित्रमा सम्वन्धित वडा कार्यालयमा वच्चाको जन्म दर्ता गराउने, आमालाई प्रोत्साहनस्वरुप रु. एक हजार गाउँपालिकाको स्वास्थ्य शाखा मार्फत उपलब्ध गराइने नीतिलाई निरन्तरता दिइने व्यवस्था गरेको छ। स्वास्थ्य तथा व्यक्तिगत सरसफाई कार्यक्रम अन्तर्गत विद्यालयमा अध्ययनरत रजस्वला सुरु भइसकेका बालिकाहरुको निशुल्क सुरक्षित प्याड वितरण कार्यालाई निरन्तरता दिइनुका साथै प्रत्येक सामुदायिक विद्यालयमा प्याड एटीएम मेसिन जडान गरिनेछ। यमुनामाई गाउँपालिका अर्न्तगतका महिला स्वास्थ्य स्वयंसेविकाहरुको परिणाममुखी सेवा प्रवाहको लागि आवश्यक सेवा सुविधामा वृद्धि गर्ने व्यवस्था पनि गरेको छ।

यसका अतिरिक्त रोजगारी प्रवर्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका तथा विदेश पलायन हुने युवाहरुका लागि स्थानीय स्तरमा नै रोजगारीको अवसर उपलब्ध गराउन युवा तथा महिला लक्षित छोटो तथा लामो अवधिको सिप विकास तालिम कार्यक्रमहरु सञ्चालन गर्ने नीतिगत व्यवस्था गरेको छ। सामाजिक सुरक्षाको सन्दर्भमा लक्षित समूह कार्यक्रम अन्तर्गत महिला विरुद्धको लैंङ्गिक तथा घरेलु हिंसा, महिला अधिकार, वाल अधिकार, जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिने र महिलाहरुको नेतृत्व विकास तथा आर्थिक समृद्धिका लागि विभिन्न किसिमका तालिमहरु सञ्चालन तथा वजार माग अनुसारको सिप विकास तालिम सञ्चालन गरिने व्यवस्था गरेको छ।

## ३. लैससास समस्या, चुनौती र अवसरहरु

लैससास सामाजिक विकास तथा समृद्धिका लागि नभई नहुने आधारभूत विषय हुन्। जवसम्म समाजमा रहेका महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत विभिन्न कारणले पछाडि पारिएका समुदाय तथा वर्गको सशक्तिकरण तथा विकासमा समान सहभागिता हुँदैन तवसम्म विकासले

पूर्णता पाउन सक्दैन भन्ने कुरा यस पालिकाले महसुस गरी विकास तथा लक्षित वर्गको विकासका लागि धेरै कार्यक्रमहरू गर्दै आएको भए तापनि यस गाउँपालिकामा विद्यमान घरेलु हिंसा, बालविवाह, बहुविवाह, दहेज प्रथा, जातीय छुवाछुत, बाल श्रम, मानसिक स्वास्थ्य, यौन तथा प्रजनन स्वास्थ्य, आर्थिक क्रियाकलापमा महिलाहरूको संलग्नता अत्यन्तै न्यून हुनु मुख्य समस्याको रूपमा रहेका छन् भने मुस्लिम समुदायमा तीन तलाक, महिलाहरूलाई घरबाहिर काम गर्ने स्वतन्त्रता नहुनु, परिवार नियोजनको साधन प्रयोगमा न्यून पहुँच हुनु, सार्वजनिक शिक्षामा न्यून पहुँच भई धार्मिक शिक्षाका लागि मात्र अवसर दिइनु जस्ता कार्यले अझ जटिलता उत्पन्न गरेको छ। जेष्ठ नागरिकहरूलाई घर परिवारले बोझको रूपमा लिई अपहेलित भई घरविहीन हुनुपरेको अवस्था, परिवार तथा समाजमा अपाङ्गतामैत्री व्यवहार नहुनु साथै उनीहरूलाई बोझको रूपमा लिनु जस्ता व्यवहारमा महिला, बालिका, किशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरू घरपरिवार तथा समाजमा असुरक्षित रहेको अवस्था यहाँका घटनाहरूले देखाइरहेका छन् भने महिलाहरू घरभित्रको सेवामूलक काममा बढी समय खर्चिनुपर्ने अवस्था विद्यमान छ।

<table>
<tr><th>समस्या</th><th>अवसर</th></tr>
<tr><td>
• छोरा र छोरीबिच विभेद तथा असमान सामाजिकीकरण तथा व्यवहारले गर्दा शिक्षामा महिला पुरुषको समान पहुँच नभएको र महिला र पुरुषमा भेदभाव रहेको, अवसरहरुमा पहुँच तथा उपयोगमा असमानता रहेको देखिन्छ।<br>
• पितृसत्तात्मक सोच हावी रहेको हुनाले बालविवाह उन्मूलन नीति अनुरुप प्रगति नभएको र यथावत रहेको र दाइजो प्रथाको अन्त्य नभएको अवस्था छ।<br>
• यौनिक तथा लैगिक अल्पसंख्यकहरुको पहिचान स्वीकार नभएको कारण गाउँपालिकामा LGBTQIA+ समाजबाट कुनै पनि कर्मचारी नरहेको र गाउँपालिकाको कुनै पनि गतिविधिमा यौनिक अल्पसंख्यक (LGBTQIA+) को सहभागिता नहुनु।<br>
• लैङ्गिकतामा आधारित हिंसा तथा दुर्व्यवहार घरभित्र र सार्वजनिक स्थानहरुमा हुने हिंसा विरुद्धका कानूनहरु प्रभावकारी रुपमा कार्यान्वयन नहुनु।<br>
• आर्थिक सशक्तिकरणको सम्बन्धमा युवा तथा महिलाहरुको लागि स्वरोजगारीको कार्यक्रम प्रभावकारी नहुनु र महिलाको श्रमको कदर नभएको,
</td><td>
• लैङ्गिक समानता कायम गर्ने प्रयासमा नीतिगत व्यवस्थाहरु भएको।<br>
• बालविवाह मुक्त पालिका घोषणासम्बन्धी नीति भएको।<br>
• लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८०<br>
• कार्यपालिका पदाधिकारी सबैले लैङ्गिक समानता हुनुपर्दछ भन्ने स्वीकारोक्ति भएको।<br>
• महिलालाई ५० प्रतिशतमा सहभागी गराउने प्रतिबद्ध भएको।<br>
• सामाजिक, आर्थिक राजनैतिक क्षेत्रहरुमा महिलाहरुलाई सहभागी गराउने अवसर पाउनुपर्छ भन्ने प्रयास भएको।<br>
• स्रोत व्यवस्थापनको लागि प्रतिबद्ध भएको लैङ्गिक समानता तथा
</td></tr>
</table>



CamScanner

| | |
|---|---|
| समान काममा महिला र पुरुषलाई समान ज्यालाको अभ्यास नभएको । <br>• किशोर किशोरीहरु दुर्व्यसनमा लाग्ने समस्या समाधानको लागि उचित कार्यक्रम तथा युवा जागरुकताको नीतिगत तथा कार्यगत पहल नभएको । <br>• समाजमा अहिले पनि छुवाछुत प्रथा कायम रहेको । पिछडिएका व्यक्ति वा समुदायको पहिचान गरी प्राथमिकताका आधारमा कार्यक्रम संचालन नभएको । <br>• निर्वाचित जनप्रतिनिधिहरु लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्वन्धी कम सचेत रहेको, प्राथमिकता दिन नसकेका र पालिकाका भौतिक संरचनाहरु लैगिक मैत्री, अपाङ्गमैत्री नभएको । <br>• लैङ्गिक खण्डीकृत तथ्यांकहरु नभएको । <br>• सेवा प्रदायकहरु लैससास सम्वन्धी संवेदनशील नभएको र गाउँपालिकाले प्रत्येक वर्ष GESI Audit गर्ने नगरेको । | सामाजिक समावेशीकरणका नीति कार्यान्वयन गर्न योजना बनाउन प्रतिवद्ध भएको । <br>• लक्षितवर्ग केन्द्रित कार्यक्रम तथा वजेट भएको भएको । <br>• वार्षिक नीति तथा कार्यक्रम लैङ्गिक समानताको कायम गर्ने हिसावले धेरै व्यवस्थाहरु गरेको । <br>• GESI Audit गर्नुपर्छ भन्ने प्रतिवद्ध भएको । <br>• गाउँपालिकामा कार्यरत सरोकारवालाहरुसँग राम्रो सहकार्य भएको । <br>• दातृसंस्थाहरुको प्राथमिकता भएको । |

## ४. यमुनामाइ गाँउपालिकामा कार्यरत सरोकारवालाहरुको नक्साङ्कन

यस पालिकामा लैससास, महिला तथा बाल शिक्ष कार्यक्रमतथा लैङ्गिक हिंसा विरुद्धका क्षेत्रमा काम गर्ने र यस विषयमा प्रत्यक्ष सरोकार राख्ने गाउँपालिकाभित्रका विभिन्न महाशाखा तथा शाखाहरु, विभिन्न सरकारी निकायहरू, विकास साझेदारहरु, गैरसरकारी संस्थाहरूका साथै सामुदायिक संस्थाहरुलाई सरोकारवालाको रूपमा लिएको छ । यस विस्तृत कार्ययोजना तयार गर्ने क्रममा यस पालिका क्षेत्रमा कार्यरत सरोकारवालाहरुसँग गरिएको छलफलअनुसार देहायका क्षेत्रमा देहायका संस्थाहरु कार्यरत रहेको छ ।

- प्रारम्भिक कक्षा शिक्षा कार्यक्रम
- शैक्षिक समानता र शैक्षिक समावेशि कार्यक्रम
- लैङ्गिक हिंसा सहित विपत सहयोग कार्यक्रम
- सेभ गर्ल (Save Girls) कार्यक्रम
- लैङ्गिक उत्तरदायी र समावेशी शासनलाई अगाडि बढाउन कर्तव्य वाहक र अधिकार धारकहरुलाई व्यापक क्षमता विकास कार्यक्रम
- समावेशी शासन, स्वतन्त्रताको प्रोत्साहन र नेपालका अपाङ्गता भएका महिला र बालिकाहरुको रुपान्तरित वातावरण परियोजना
- सम्वन्ध सुदृढिकरण कार्यक्रम

- समावेशी शासन, स्वतन्त्रताको प्रोत्साहन र नेपालका अपाङ्गता भएका महिला र बालिकाहरुको रुपान्तरित वातावरण परियोजना
- समावेशी स्थानीय योजना कार्यक्रम
- यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकार कार्यक्रम
- लैङ्गिक समानता, अपांगता, र सामाजिक समावेशिकरण (GEDSI) कार्यक्रम ।

| लैससासंग प्रत्यक्ष सम्बन्ध राख्ने सरोकारवालाहरु | विषयगत क्षेत्र/कार्यक्रम/गतिविधिहरू तथा दातृ निकाय | कार्य क्षेत्र (वडा) | बिस्तृत कार्य योजनासँग सहकार्यका लागि सम्भावित क्षेत्रहरू |
|---|---|---|---|
| आसमान नेपाल | प्रारम्भिक कक्षा शिक्षा कार्यक्रम USAID को सहयोगमा | पुरै १-५ वडामा | गुणस्तरिय प्राथमिक शिक्षा । |
| | शैक्षिक समानता र शैक्षिक समावेशि कार्यक्रम USAID को सहयोगमा | १-५ | समावेशि शिक्षा । |
| ग्रामिण विकास केन्द्र नेपाल (RDC) | लैङ्गिक हिंसा सहित बिपत सहयोग कार्यक्रम, OXFARM को सहयोगमा | १-५ | लैङ्गिक हिंसा न्यूनिकरण । |
| | सेभ गर्ल (Save Girls) कार्यक्रम, UNFPA र GNI-Nepal[4] को सहयोगमा | १-५ | प्रजनन स्वास्थ्य । |
| ओरेक | लैङ्गिक उत्तरदायी र समावेशी शासनलाई अगाडि बढाउन कर्तव्य वाहक र अधिकार धारकहरुलाई व्यापक क्षमता विकास कार्यक्रम, UN Women मार्फत EU र Government of Finland को सहयोगमा | १-५ | • स्थानिय प्रतिनीधि तथा सरकारी अधिकारीको क्षमता अभिबृद्दि,<br>• लैङ्गिक बजेट,<br>• लैङ्गिक अवस्थाको सर्भेक्षण । |
| नेपाल ट्रेड युनियन महासंघ (GEFONT) | सम्बन्ध सुदृढिकरण कार्यक्रम, आई.एल.ओ.मार्फत USAID को सहयोगमा<br>• कृषक महिलाहरुको हक अधिकारको बारेमा शसक्तिकरण । | १-५ | • लैससास मुखि कृषि,<br>• महिला कृषक शसक्तिकरण । |
| नेपाल अपाङ्ग महिला संघ र मुक्ति नेपाल | समावेशी शासन, स्वतन्त्रताको प्रोत्साहन र नेपालका अपाङ्गता भएका महिला र बालिकाहरुको रुपान्तरित वातावरण परियोजना, UN Trust Fund को सहयोगमा | १-५ | अपाङ्गता भएका महिलाको अधिकार, संरक्षण र शशक्तिकरण । |
| सप्तरंगी नेपाल | समावेशी स्थानीय योजना कार्यक्रम | १-५ | लैङ्गिक अल्पसंख्यकहरूको समावेशीकरण । |
| लाईफ नेपाल | यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकार कार्यक्रम | १-५ | यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकार । |
| मान्डवी | लैङ्गिक समानता, अपांगता, र सामाजिक समावेशिकरण (GEDSI) कार्यक्रम, ICIMOD को सहयोगमा | १-५ | समावेसी स्थानिय सरकार । |
| अभियान नेपाल | लैससास | १-५ | लैससास । |

[4] Good Neighbors International -Nepal

## ५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०८० को प्रावधान

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै प्रभावकारी रुपमा सुदृढीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कार्यान्वयनमा ल्याइएको छ । सोही ऐनको दफा २४ ले स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा, स्थानीय स्तरमा विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयगत क्षेत्रमा मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागु गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा व्यवस्था गरेको छ भने योजना बनाउँदा लैससाससम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने दायित्व स्थानीय सरकारको रहेको कुरा उल्लेख गर्दै देहायका रणनीतिसहितको लैससास नीति २०८० जारी गरेको छ ।

## ६. नीति तथा रणनीति

नीति १. गाउँपालिकाले संचालन गर्ने सम्पूर्ण योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट संस्थागत गरिनेछ ।

नीति २. महिला तथा सीमान्तकृत समुदायको समान अवसर, नेतृत्वदायी भूमिकालाई प्रवर्द्धन गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागितासहित विकासका सम्पूर्ण लाभको उपभोगमा समान अधिकार सुनिश्चित गर्ने नीति लिइनेछ ।

नीति ३. गाउँपालिकामा विद्यमान हानिकारक सामाजिक मूल्य मान्यताको अन्त्य गर्दै, सबै प्रकारको लैङ्गिक तथा जातीय विभेद र हानिकारक अभ्यासलाई शून्यमा झारिनेछ र स्वस्थ्य गाउँपालिका निर्माण गरिनेछ ।

नीति ४. गाउँपालिकामा रहेका स्रोत साधन, अवसर र लाभको न्यायोचित वितरण गरी महिला तथा सीमान्तकृत समुदायको स्वरोजगार, रोजगारी र उद्यमशीलताको प्रवर्द्धन तथा आर्थिक सशक्तिकरणसहित आत्मनिर्भर बनाउने नीति लिइनेछ ।

नीति ५. लैङ्गिक समानता र समावेशीकरणका सवाललाई मानव अधिकार र सामाजिक न्यायसहित दिगो विकासको पूर्वाधारको रूपमा लिई कार्य गरिनेछ ।

नीति ६. कुनै पनि विपद् तथा महामारीका समयमा महिला, गर्भवती, सुत्केरी, किशोरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा जेष्ठ नागरिकहरूका फरक आवश्यकता र सो समयमा हुनसक्ने विभेद हिंसा, स्वास्थ्य, पोषणका सवाल सम्बोधन गर्ने नीति अवलम्बन गरिनेछ ।

## ७. लैससास नीति २०८० को कार्यान्वयनको बिस्तृत कार्ययोजनाको उद्देश्य, विधि तथा प्रक्रिया र औचित्यता

### ६.१ उद्देश्य :

लैससास रणनीति २०८० को कार्यान्वयन विस्तृत कार्ययोजना तयार गर्नुको प्रमुख उद्देश्य रणनीति अनुरुप लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्नु हो ।

७.२ **औचित्यता** : लैससास रणनीति कार्यान्वयनको पाँच वर्षे विस्तृत कार्ययोजनाको औचित्यता देहाय अनुसार रहेको छ :

क) रणनीतिको प्रभावकारी, व्यवस्थित, निरन्तर तथा योजनाबद्ध रुपमा कार्यान्वयन गर्नुका साथै कार्यान्वयनमा एकरुपता कायम गर्न

ख) लैससास नीतिले लैससास कायम गर्न गर्दै आएका सकारात्मक प्रयासलाई निरन्तरता दिँदै लैससास उत्तरदायी बजेट तथा योजना विस्तारित गर्न

ग) कार्यान्वयन प्रक्रिया बढी सहभागितामूलक बनाउन, सेवा प्रवाहलाई नागरिकमैत्री बनाउन, सेवा प्रवाहलाई लैङ्गिक, समावेशी र विपन्न एवं लक्षित वर्गप्रति बढी जवाफदेही बनाउन

घ) कार्यक्रम विषयान्तर हुनबाट बचाउन र लक्षित वर्ग तथा समुदायको आवश्यकता अनुरुप सही समयमा सही कार्यक्रम सही विधिबाट सञ्चालन गर्न मार्गदर्शनको रुपमा प्रयोग गर्न

ङ) सेवा तथा उत्पादनमूलक कार्यमा लैङ्गिक मूलप्रवाहीकरण गर्न विभिन्न सकारात्मक उपायका व्यवस्था गर्न र क्रियाकलापमा दोहोरोपन हुनबाट बचाउन कार्यक्रमअनुसार बजेट विनियोजन गर्न सहजीकरण गर्न

च) कार्यक्रमको प्रगति अनुगमन तथा विश्लेषण गर्न र स्रोत साधनको सही सदुपयोग गर्न ।

७.३. **विधि तथा प्रक्रिया** : देहायका सहभागितामूलक विधि तथा प्रक्रिया अपनाई बिस्तृत कार्ययोजना तयार गरिएको हो ।

**नीति तथा कानूनहरुको अध्ययन** : कार्ययोजना तयार गर्न मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज, नेपालको संविधान, र संघीय, प्रदेश तथा स्थानीय सरकारका कानून, नीति नियम, वार्षिक कार्यक्रमहरु र प्रतिवेदनहरुको लैससासको अवधारणाबाट अध्ययन, अनुसन्धान तथा विश्लेषण गरिएको थियो ।

**पूर्व परामर्श बैठक** : कानून, नीति नियम, वार्षिक कार्यक्रमहरु र प्रतिवेदनहरुको अध्ययन, अनुसन्धान तथा विश्लेषणमा केन्द्रित भई पालिकाका जनप्रतिनिधि, कर्मचारीका साथै पालिकामा कार्यरत गै.स.स लगायत विभिन्न सरोकारवाला संस्थाका प्रतिनिधिहरुको उपस्थितीमा प्रदेश तथा पालिकास्तरीय पूर्व परामर्श बैठक आयोजना गरी बिस्तृत कार्ययोजनाको लागि सुझाव संकलन गरिएको थियो ।

**बिस्तृत कार्ययोजनाको मस्यौदा तयारी** : स्थलगत पूर्व परामर्श वैठकबाट आएका सुझाव अनुसार यस पालिकाको मस्यौदा कार्ययोजना तयार गरेको थियो । यस गा.पा.को लैससास रणनीति भएको हुनाले सो रणनीतिलाई आधार मानि मस्यौदा तयार गरेको थियो ।

**बिस्तृत कार्ययोजनाको अन्तिमरुप :** मस्यौदा कार्ययोजना उपर प्रदेशस्तरीय पूर्व परामर्श वैठक गरी छलफलबाट आएको सुझावलाई समावेश गरी यो अन्तिम बिस्तृत कार्ययोजना तयार तथा कार्यान्वयन गरिएको छ ।

## ८. अनुगमन तथा मूल्यांकन

यस नीति कार्यान्वयनको अवस्था अनुगमन तथा मूल्यांकन गर्न पालिकास्तरीय लैससास नीति अनुगमन तथा समन्वय समितिले वा समितिले नियुक्ति गरेका विशेषज्ञहरुको टोलीले अनुगमन तथा मूल्यांकन निर्देशिका तयार गरी सो अनुसार हरेका वर्ष कार्यक्रम तथा नीतिनियमहरुको अनुगमन तथा मूल्यांकन गर्नेछ ।

**क) लैससास नीति २०८० को कार्यान्वयनको कार्यान्वयन, अनुगमन तथा मूल्यांकन समिति**

यस समितिमा देहायका सात सदस्यहरु रहने छन् ।

| | |
|---|---|
| क) गांउपालिका उपाध्यक्ष | संयोजक |
| ख) कार्यपालिका सदस्यहरुमध्येबाट दलित सदस्य | सह संयोजक |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) योजना शाखा | सदस्य |
| ङ) स्थानीय गैरसरकारी संघ सस्थामध्येवाट कम्तीमा एक जना महिलासहित सदस्य (२ जना सम्म) | |
